संवत् २०८२ साल असार १४ गते बसेको थाहा नगरपालिका नगर कार्यपालिका बैठकको निर्णयः

थाहानगर कार्यपालिका बैठक संख्या : ०१५/२०८१/२०८२

| क्र.सं. | महाशाखा/शाखा | निर्णयको संक्षिप्त ब्यहोरा |
|---|---|---|
| १ | योजना/प्रशासन | थाहा नगरपालिकाको आ.व. २०८२/०८३ को बजेट तथा कार्यक्रमको दफावार छलफल गरी संशोधन सहित स्विकृतीको लागि १८ औं नगर अधिवेशनको दोस्रो बैठकमा पेश गर्ने । |
| २ | योजना/विधायन | थाहा नगरपालिकाको विनियोजन विद्येयक, २०८२ दफावार छलफल गरी संशोधन सहित स्विकृतीको लागि १८ औं नगर अधिवेशनको दोस्रो बैठकमा पेश गर्ने । |
| ३ | प्रशासन शाखा | यस नगरपालिकामा कार्यरत कर्मचारीहरु मध्ये स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ३० (१) र (२) बमोजिमको शर्त पूरा भएकाहरुको मिति २०८२/०४/०१ गतेदेखि ज्येष्ठता कायम हुने गरी तहवृद्धि गर्ने । |
| ४.१ | शिक्षा तथा खेलकुद/आर्थिक प्रशासन | रोटरी क्लब अफ मकवानपुरको संयोजनमा हेटौडा अस्पतालमा बर्न युनिट स्थापना गर्न स्थानीय स्रोत व्यवस्थापनका लागि भेट्रान्स फुटबल लगायत कार्यक्रम भएकोमा यस थाहा नगरपालिकाको नाम अभिलेखमा रहने गरी रु.१,००,०००/- (अक्षेरुपी एक लाख रुपैया मात्र) आर्थिक सहयोग प्रदान गर्ने । |
| ४.२ | योजना/आर्थिक प्रशासन | आ.व. २०८०/०८१ को लागि थाहा नगरपालिका वडा नं. २ स्थित संकटा मन्दिर माझटोल सडक निर्माणको लागि विनियोजित रकम रु.८,००,०००/- भएकोमा सो योजनामा प्राविधिक मूल्यांकन बमोजिम रु.२,९१,७३२/- को काम बढी भएकोमा उक्त बढी भएको कामको भुक्तानी हाल सम्म पनि नभएको हुँदा प्राविधिक मूल्यांकन बमोजिम बढी भएको काम बराबरको रकम रु.२,९१,७३२/- भुक्तानी दिने । |
| ४.३ | योजना शाखा | २०८१ साल चैत्र १६ गतेको दिन राष्ट्रिय दैनिकमा विद्यालय ICT सामग्री सम्बन्धी १५ दिने शिलवन्दी (ईविडिङ) मार्फत खरिद गर्नको लागि प्रकाशित सूचना अनुसार ४ वट फर्महरूले शिलवन्दी दरभाउ पत्रमा सहभागी मध्ये सबै भन्दा कम अंङ्क पेश गर्ने इन्टिच मेन्ट होल्डिङको कागजात नपुगेको र सो लाई रद्द गरी दोस्रो अल्टिमेट सोलुसन नेपाल प्रा.ली. लाई ठेक्का सम्झौताको लागि आउन आशय पत्र २०८२/०१/१७ गते जारी भई २०८२/०२/०५ गते सम्झौता भएकोमा सम्झौतामा २१ दिन समय सीमा राखिएको र सो समयमा सामान निकासी गर्न नसकी म्याद थपको लागि मिति २०८२/०२/१४ मा निवेदन दिएकोमा निवेदकको माग बमोजिम २०८२/०५/२० गते सम्म म्याद थप गर्ने । |
| ४.४ | योजना शाखा | गोरखनाथ भाङखोरीया सडक स्तरोन्नती (PRO/NCB/roads-6/081/082) को कार्यमा नगरपालिकाको दायित्व ८ लाख रुपैया बढ्ने र गोरखनाथ जाने बाटोमा प्रदेशबाट समेत बजेट विनियोजन भई पुरै सडकको ढलान कार्य सम्पन्न हुने कारणले गर्दा ८००० सम्म काम सकिएपछि प्राविधिक मुल्यांकनको आधारमा हाल सम्मको कार्य स्विकार गरी भुक्तानी दिई ठेक्का सम्झौता अन्त्य गर्ने साथै |

हिरेन्द्र कुमार रायमाझी
प्रवक्ता

| | | |
|---|---|---|
| | | बाराहीचौर सडक (दाङ्गो) को पनि ८३०० कार्य सम्पन्न भईसकेको हुँदा प्राविधिक मुल्यांकनको आधारमा हाल सम्मको कार्य स्विकार गरी भुक्तानी दिई ठेक्का सम्झौता अन्त्य गर्ने । |
| ४.५ | योजना/प्राविधिक /आर्थिक प्रशासन | थाहा नगरपालिका योजना महाशाखा र प्राविधिक शाखाको सिफारिस बमोजिमका योजनाहरुको म्याद थप गर्ने । |

(हिरेन्द्र कुमार रायमाझी)
प्रवक्ता

हिरेन्द्र कुमार रायमाझी
प्रवक्ता